निर्णय १

आ.व. २०७४।०७५ को लागि देहायका बजार को हाटबजार ठेक्का न्युनतम रकम देहाय बमोजिम गर्ने गरि हाट बजार ठेक्का बन्दोबस्त गर्न प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

| क.सं. | बजारको नाम | न्युनतम हाट बजार ठेक्का | कैफियत |
|---|---|---|---|
| १ | कोल्हवी | ७,५०,००१।- | |
| २ | अधनवा | १,१०,५००।- | |
| ३ | सपही | १,१०,०००।- | |
| ४ | प्रसौना | ७५,०००।- | |

## निर्णयहरु

क। साथै कोल्हवीको हाट बजार स्थलमा रहेको कृषि सेड तगायत सम्पुर्ण खुला हाट वजारमा उपर्युक्त न्युनतम हाट बजार ठेक्का अंकमा बढाबढ गराई ठेक्का बन्दोबस्त गर्ने ।

ख। कोल्हवी हाट बजार क्षेत्रमा रहेका सेडमा बसी व्यापार गर्न चाहनेले प्रत्येक सेटको दैनीक रु ३०।- मासिक रु १०००।- का दरमा नबढाई टेकेदारबाट बजारको रकम उठाउन दिने साथै कृषि सेड हरुमा न्यून आयस्तर भएका स्थानीय साग पात, फलफुल, बिक्री गर्ने किसानलाई प्राथमिकता दिई सेड उपलब्ध गराउने ।

ग। हाट बजार स्थलमा व्यापार गर्ने हरुले आफ्नो-आफ्नो सेड र टहरा वाट निस्कने फोहोर वस्तु नगरपालिकाले तोकिएको ठाँउमा राखिदिन लगाउने र त्यसो नगरी फोहोर विसर्जन नगर्ने व्यापारिलाई जरिवाना गरिनेछ ।

घ। नगरपालिका क्षेत्रमा अन्य स्थानहरुमा पनि हाट बजारको परमपरागत व्यवस्था रहेकोले कहाँ कहाँ त्यस्ता हाट बजार लाग्नेगरेका छन सम्बन्धित वडा सचिव र स्थानीय व्यपारि, भलादमी हरुसंग बुझी हाट वजार कर लगाउन तर्फ आवश्यक पहल न.पा.ले गर्ने ।

ङ। कोल्हवी स्थित खसी, माछा, कुखुरा सामेतको मासु वजार लाई स्थानीय श्री अनुप दिपनी मा.वी. को प्र.अ. ज्यु संग समेत समन्वय गरि छुट्टै ठेक्का प्रकियामा लैजाने ।

च। कोल्हवी न.पा. वडा नं. ८ स्थित श्री सहजनाथ शिव मंदिर क्षेत्रमा श्रावण पहिनामा लाग्ने मेला लाई कर प्रयोजनका लागि समेत व्यवस्थित गर्न सर्वपक्षीय टोलि खटाई गई स्थानिय राजनितिक व्यक्ति, व्यपारी, संस्था र सर्वसाधारण जनतालाई बोलाई छलफल गरि आवश्यक व्यवस्था मिलाउने ।

२०७४।३।११

Scanned by CamScanner